म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २२८ शनिबार, २१ चैत २०८२ ने. सं. ११४६ चौलाथ्व 4 April 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडामा एसईईका नक्कली परीक्षार्थी पक्राउ

हेटौंडा, २० चैत/माध्यमिक शिक्षा परीक्षा (एसईई) मा नक्कली परीक्षार्थी बनेर परीक्षा दिनआएका एक युवकलाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरकाअनुसार हेटौंडा उपमहानगर पालिका-१० भुटनदेवीरोडस्थित सोलिड्यारिटी माध्यमिक विद्यालय परीक्षा केन्द्रमा परीक्षा दिइरहेको अवस्थामा सिन्धुली मरिन गाउँपालिका-४ घरभई हाल हेटौंडा-४ बस्दै आएका करिब १८ वर्षीय बिराज बिकलाई नियन्त्रणमा लिएको प्रहरी नायव उपरीक्षक पुष्कर बोगटीले जानकारी दिए । बिक अर्काको नाममा जारी गरिएको प्रवेशपत्रमा आफ्नो फोटो टाँसी परीक्षा दिन आएका थिए । उनी हेटौंडा स्कुल अफ म्यानेजमेन्ट कलेजमा कक्षा ११ मा अध्ययनरत् रहेको डीएसपी बोगटीले बताए । बिकले हेटौंडा-१२ पदमपोखरी घर भएका किशोर श्रेष्ठका १९ वर्षीय छोरा अंकिश श्रेष्ठको नाममा जारी प्रवेशपत्र प्रयोग गरी नक्कली परीक्षार्थीको रुपमा परीक्षा दिन आएको प्रहरीले उल्लेख गरेको छ । प्रहरीले घटनामा संलग्न रहेको आरोपमा अंकिश श्रेष्ठलाई पनि नियन्त्रणमा लिएको छ । दुवै जनालाई जिल्ला प्रहरी कार्यालय मकवानपुरमा राखी थप अनुसन्धान भइरहेको डीएसपी बोगटीले बताए ।

# सहकारी गरिब र दु:खीको समस्या समाधानमा सकारात्मक: *मुख्यमन्त्री बानियाँ*

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/६९ औं राष्ट्रिय सहकारी दिवस हेटौंडामा भव्यताकासाथ मनाइएको छ । 'उद्यमशीलता र पारदर्शिता: सहकारीको प्राथमिकता' भन्ने नाराका साथ प्रभातफेरी गरी सहकारी दिवस मनाइएको हो ।




हेटौंडा-४ हुप्रचौरबाट सुरु भएको प्रभातफेरी हेटौंडा बजार परिक्रमा गरी चौकीटोलमा रहेको हिमालयन दरबारमा पुगी सभामा परिणत भएको थियो । सहकारी दिवस मूलसमारोह समितिका संयोजक नारायणप्रसाद देवकोटाको सभाध्यक्षता तथा बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा दिवस मनाइएको हो । समारोहमा बानियाँले सहकारी संस्थाले गरिब दिनदुखीको समस्या समाधानमा सकारात्मक भूमिका निर्बाह गरेको बताएका छन् । उनले सहकारीमा गलत उद्देश्य सहित आएका केही मानिसका कारण सहकारीक्षेत्र बदनाम भएको बताए ।

बागमती प्रदेश सरकार सहकारीक्षेत्रसँग समन्वय गरेर अघि बढ्न तयार रहेको उनले बताए । सहकारी रजिष्ट्रार कार्यालय काठमाडौंमा रहेपनि यसको सेवा हेटौंडामा बिस्तार गर्ने उनले बताए । मुख्यमन्त्री बानियाँले सहकारीमा बचत गर्ने सर्वसाधारणको सम्पत्तिको सुरक्षा राज्यको जिम्मेवारी भएको स्पष्ट पार्दै दुरुपयोग भएको रकम फिर्ता गराउन सरकार प्रतिबद्ध रहेको बताए । 'गरिब नागरिकको बचतको असुरक्षा हुन दिन्नौं, जसले दुरुपयोग गरेको छ, त्यसलाई कानुनी दायरामा ल्याइनेछ,' उनले भने ।

कृषिक्षेत्रसँग सहकारीको सहकार्यलाई थप मजबुत बनाउनेतर्फ प्रदेश सरकार सकारात्मक रहेको उनले बताए । मौरीपालन, भैंसीपालन, कुखुरापालन, तरकारी खेतीलगायत उत्पादनमूलकक्षेत्रमा सहकारीमार्फत् लगानी र सहकार्य गर्न सरकार तयार रहेको उनको भनाइ थियो । कार्यक्रममा सहकारी तथा गरिबी निवारण मन्त्री बिनु र ायमाझीले सहकारीक्षेत्रका समस्या समाधान गर्न बागमती प्रदेश सरकारले सकारात्मक भूमिका निर्बाह गरेको दाबी गरिन् । जिल्लास्थित बचत तथा ऋण, बहुउद्देश्यीय, कृषि, दुग्ध उत्पादकलगायत अन्य सहकारी संस्थाले संस्थाको व्यानर, प्लेकार्ड बोकेर विशेषता पोषाकमा सहभागी भएका थिए भने केही सहकारीले नौमतिबाजा र खैजडी भजनसहित सहभागीता जनाएका थिए ।

प्रभातफेरीमा उत्कृष्ट प्रदर्शन गर्ने सहकारीलाई नगदसहित पुरस्कृत गरिएको थियो । पुरस्कृत हुनेमा हेटौंडा-१३ को महिलामिलन बचत तथा ऋण सहकारी संस्था लि. प्रथम, हेटौंडा-१८ स्थित सानाकिसान कृषि सहकारी संस्था लि. हर्नामाडी द्वितीय, हेटौंडा-१७ को सानाकिसान कृषि सहकारी संस्था लि. हटियाले तेस्रो स्थान हाँसिल गरेका थिए । त्यस्तै, हेटौंडा-११ को बागेश्वरी महिला बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा-१९ को सानाकिसान कृषि सहकारी संस्था बसामाडी, हेटौंडा-२ को हातेमालो बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा-७ को हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि. ले सान्त्वना स्थान हाँसिल गरेका थिए । यसैगरी सहकारी दिवसको अवसरमा नौमतीबाजा प्रदर्शन गर्ने महिलामिलन बचत तथा ऋण सहकारी संस्था लि., सानाकिसान कृषि सहकारी संस्था लि. मनहरी र खैजडी भजन प्रदर्शन गर्ने सुपिङ दुग्ध उत्पादक सहकारी संस्थालाई नगदसहित प्रशंसापत्रद्वारा सम्मान गरिएको थियो ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, जिल्ला समन्वय समितिका प्रमुख ललितबहादुर घलान, राष्ट्रिय सहकारी महासंघका सञ्चालक बद्रीप्रसाद लम्साल, केन्द्रीय दुग्ध सहकारी संघका सञ्चालक विदुर हुमागाई, जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरकि अध्यक्ष कल्पना श्रेष्ठ, जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरि न्यौपाने, जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरिप्रसाद कंडेल, जिल्ला कृषि सहकारी संघ, मकवानपुरकी अध्यक्ष रेखा खतिवडा, राष्ट्रिय सहकारी बैंक हेटौंडाका प्रमुख समीर श्रेष्ठ, नेफ्स्कुन फिल्ड कार्यालय हेटौंडाकी प्रमुख ज्योति महतलगायतको आतिथ्यता रहेको थियो । सहकारी दिवसकै अवसरमा चैत्र १८ गते रक्तदान, १९ गते सहकारी संरक्षण, सम्बर्द्धन अभियान र निययामकीय भूमिका विषयक अन्तरसंवाद आयोजना गरिएको थियो ।

### सहकारीको भूमिका महत्वपूर्ण: *प्रदेश प्रमुख*

हेटौंडा/ बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले मुलुकको दीगो विकास, रोजगारी सिर्जना, उत्पादन वृद्धि तथा आत्मनिर्भर अर्थतन्त्र निर्माणमा सहकारी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको बताएका छन् ।

राष्ट्रिय सहकारी दिवसको अवसरमा शुक्रबार शुभकामना सन्देश जारी गर्दै उनले सहकारीका मूल्य, मान्यता र सिद्दान्तलाई अक्षरश: पालना गर्दै मर्यादित र सुशासित सहकारी अभियान निर्माणमा लाग्न आग्रह गरे । प्रदेश प्रमुख देवकोटाले सहकारीहरु पारदर्शिता, उत्तरदायित्व र सुशासनका आधारमा अनुशासित ढंगले सञ्चालन हुनुपर्नेमा जोड दिए । न्यून आय भएका किसान, श्रमिक तथा मजदुर समुदायभित्रकै पूँजी परिचालनमार्फत् आर्थिक संकट समाधान, उद्यमशीलता विकास तथा बचत संस्कृतिको प्रवर्द्धनमा सहकारीको योगदान प्रशंसनीय रहेको उनको भनाइ छ ।

उनले सहकारी केवल संस्थामात्र नभई 'एकका लागि सबै र सबैका लागि एक' भन्ने भावनाले प्रेरित सामाजिक अभियान भएको स्पष्ट पार्दै सहकारीलाई अझ विश्वासिलो, मर्यादित र दीगो बनाउने सामूहिक प्रतिबद्धताको आवश्यकता औंल्याए ।

# 'सञ्चारकर्मीको क्षमता अभिवृद्धिले भ्रामक सूचनाको चुनौती चिर्न सक्छ'




साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/ डिजिटल पत्रकारिताको विस्तारसँगै फैलिएको भ्रामक सञ्चारलाई रोक्न पत्रकारितालाई मर्यादित बनाउन आवश्यक रहेको सरोकारवालाले जोड दिएका छन् ।

पत्रकारिता मर्यादित बनाउन सञ्चारकर्मीको क्षमता अभिवृद्धि पनि अपरिहार्य रहेको र दक्ष जनशक्तिले मात्रै सत्य र तथ्यपरक सूचना प्रवाह गरी नागरिकको विश्वास जित्न सक्ने बताएका हुन् । बागमती प्रदेश सरकारअन्तर्गत आन्तरिक मामिला तथा कानून मन्त्रालयको आयोजना, नेपाल पत्रकार महासंघ बागमती प्रदेश समिति र जिल्ला शाखा धादिङको सहकार्यमा सुरु भएको तालिम उद्घाटन गर्ने क्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका अध्यक्ष कृष्ण सारुमगरले डिजिटल माध्यमबाट प्रवाह हुने भ्रामक सामग्रीले समग्र पत्रकारिता जगतलाई नै कमजोर बनाउँदै लगेकोप्रति चिन्ता व्यक्त गरे ।

चुनौती चिर्न सञ्चार कर्मीहरु प्रविधिमैत्री र व्यावसायिक हुनुपर्नेमा जोड दिँदै अध्यक्ष सारुमगरले सरकारको पछिल्लो कदमप्रति भने आपत्ति जनाए । सरकारले सरकारी सूचना तथा विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशन र प्रसारण गर्न तीनवटै तहका निकायलाई गरेको परिपत्रले निजी सञ्चारमाध्यमलाई पाखा लगाउन खोजेको उनको भनाई छ । 'सरकारी खर्चमा मितव्ययिता, पारदर्शिता र एकरुपता ल्याउने बहानामा निजीक्षेत्रका सञ्चारमाध्यमलाई संकुचित बनाउन खोज्नु प्रेस स्वतन्त्रता विरोधी कार्य हो, नयाँ सरकारले निजी सञ्चारमाध्यमको अस्तित्व संकटमा पार्ने गरी ल्याएको यस्तो परिपत्र कुनैपनि हालतमा मान्य हुँदैन' उनले भने ।

धादिङका प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदी र जिल्ला समन्वय समितिका उपप्रमुख कुलमान विश्वकर्माले सञ्चारकर्मीका लागि सञ्चालित डिजिटल पत्रकारिता तालिमले जिल्लाको पत्रकारितालाई थप जिम्मेवार र व्यावसायिक बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । तालिमबाट प्राप्त सीपलाई व्यवहारमा उतार्न आग्रह गर्दै सञ्चार क्षेत्रलाई व्यवस्थित बनाउँदा मात्रै लोकतन्त्र बलियो हुने नेपाल पत्रकार महासंघ धादिङका अध्यक्ष सीताराम अधिकारीले बताए ।

तालिममा डिजिटल युगमा पत्रकारिताको बदलिँदो स्वरुप, प्रविधिको प्रभाव तथा एआईको प्रभावकारी प्रयोगबारे जानकारी प्रदान गरिने र डिजिटल सामग्री उत्पादन, तथ्य जाँचबारे प्रशिक्षण दिइने मुख्य प्रशिक्षक अजय शर्माले जानकारी दिए ।

# सरकारी र निजी अस्पतालमा १० प्रतिशत नि:शुल्क शैया




हेटौंडा, २० चैत/ सरकारले सरकारी र निजी अस्पतालमा १० प्रतिशत शैया नि:शुल्क गर्ने व्यवस्थालाई कडाइका साथ लागूगर्ने निर्णय गरेपछि अस्पतालले यो व्यवस्था कार्यान्वयन गर्न थालेका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सूचनामार्फत स्वास्थ्य क्षेत्रसँग सम्बन्धित कार्यको पछिल्लो प्रगतिविवरण सार्वजनिक गर्दै ३२ अस्पताल (१९ निजी र १३ सरकारी) का १० प्रतिशत शैयामा नि:शुल्क उपचार प्रदान गरिएको जानकारी गराएको हो । सरकारले विपन्न, असहाय तथा बेवारिसे बिरामीले उपचारसेवामा पहुँच नपाउने, आर्थिक कारणले उपचारबाट वञ्चित अवस्थाको अन्त्य गर्न र निजी-सरकारी दुवैक्षेत्रमा सामाजिक उत्तर दायित्व अभिवृद्धि गर्न सरकारी तथा निजी अस्पतालका कुल शैयामध्ये कम्तिमा १० प्रतिशत नि:शुल्क उपलब्ध गराउने व्यवस्था कडाइकासाथ तत्काल कार्यान्वयन गर्ने निर्णय गरेको थियो ।

चैत १३ मा मन्त्रिपरिषद्ले निर्णय गरेबमोजिम शासकीय सुधारको कार्यसूचीमा स्वास्थ्यक्षेत्रका सुधारमा विभिन्न छ बुँदा समेटिएको थियो । जसअनुसार वीर अस्पताल, गंगालाल हृदय केन्द्र, कान्ति बाल अस्पताल लगायत अस्पतालमा सेवाको गुणस्तर सुधारका लागि अनुगमन गरी आवश्यक सुधारका लागि पृष्ठपोषण गरिएको मन्त्रालयले जनाएको छ ।

अस्पताल सेवा सुधार निर्देशिकाको प्रारम्भिक मस्यौदा तयार गरिएको छ । सुदूरपश्चिम प्रदेशको टीकापुर, महाकाली र सेती प्रादेशिक अस्पतालका साथै मधेश प्रदेशको कलैया अस्पतालमा जलन वार्ड स्थापना तथा सेवा सञ्चालनको तयारी सुरु गरिएको छ ।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरमा अवरुद्ध रहेको जलनउपचार सेवा पुन:सञ्चालन गरिएको स्वास्थ्य मन्त्रालयले जानकारी गराएको छ । सुदूरपश्चिम, मध्य तथा पूर्वी नेपालका पहाडीक्षेत्रमा आपतकालीन स्वास्थ्यसेवाका लागि एयर एम्बुलेन्स तयारी अवस्थामा राख्ने सम्बन्धमा आवश्यक व्यवस्था हाल कार्यान्वयनमा रहेको छ । दुर्गमक्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीका लागि हवाई उद्दारसम्बन्धी कार्यविधिमा आवश्यक संशोधन गर्न महिला, बालबालिका तथा ज्येष्ठनागरिक मन्त्रालयसँग परामर्श तथा समन्वय गरिएको छ । स्वास्थ्य क्षेत्रका गुनासो संकलन गर्न क्युआर कोड र छुट्टै इमेलको व्यवस्था गरिएको छ । एकीकृत प्रणालीमार्फत् गुनासो सम्बोधन कार्य सुरु गरिएको मन्त्रालयले जनाएको छ ।

## मुसा धपाउन बालेको आगोले गोठ जल्यो

हेटौंडा, २० चैत/हेटौंडा उपमहानगरपालिका-१५ भोर्लेमा मुसा धपाउन गोठ नजिकै बालेको आगो सल्किँदा गोठमा आगलागी भएको छ ।



बिहीबार साँझ स्थानीय सानुकाजी स्याङवोको काठ र जस्ताबाट बनेको गोठमा आगलागी भएको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायवउपरीक्षक पुष्कर बोगटीका अनुसार आगलागीबाट एक गाईको बाछी जलेर घाइते भएको छ भने १० वटा बाखा जलेर मरेका छन् । आगलागीबाट गोठ पूर्णरुपमा जलेर नष्ट भएको छ । प्रहरीका अनुसार आगलागीबाट अन्दाजी एक लाख ५० हजार रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । दमकल तथा स्थानीयवासीको सहयोगमा करिब आधा घण्टापछि आगो पूर्णरुपमा नियन्त्रणमा आएको थियो । प्रहरीचौकी रातोमाटेबाट प्रहरी सहायकनिरीक्षक गौरिशंकर साहको नेतृत्वमा प्रहरीटोली घटनास्थल पुगेको थियो ।

**निर्माण व्यवसायी संघ मकवानपुर**
हेटौंडा, मकवानपुर

**सदस्यता नवीकरणसम्बन्धी सूचना**

यस निर्माण व्यवसायी संघ मकवानपुरको २६ औं वार्षिक साधारणसभा तथा १२ औं अधिवेशनको लागि यस संघमा आवद्ध रहनुभएका निर्माण व्यवसायीहरुले २०८३ बैशाख २१ गतेसम्ममा अनिवार्य रुपमा नविकरण गरिसक्नु हुन यसै सूचनामार्फत् जानकारी गराइन्छ ।

साथै, साधारणसभा तथा निर्वाचनमा सहभागी हुनको लागि अनिवार्य रुपमा २०८३ वैशाख २१ गतेसम्ममा नवीकरण गर्नुहुन समेत सूचित गरिन्छ ।


राजेन्द्रप्रसाद चौलागाईं
महासचिव



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# सामाजिक सञ्जाल लतको मुद्दामा मेटा र युट्युब दोषी ठहर, ३० लाख डलर क्षतिपूर्ति आदेश




अमेरिकाको क्यालिफोर्निया राज्यको एक जूरीले सामाजिक सञ्जाल प्लेटफर्महरू मेटा र युट्युबलाई एक युवतीलाई जानीजानी लत लगाएको र उनको मानसिक स्वास्थ्यमा क्षति पुऱ्याएकोमा दोषी ठहर गरेको छ ।

मेटा र युट्युबले आफ्ना प्लेटफर्मका जोखिमहरूबारे प्रयोगकर्तालाई चेतावनी दिन असफल भएको र त्यसबाट प्रयोगकर्तालाई गम्भीर क्षति पुगेको ठहर गरेको हो ।

सीएनएनका अनुसार यो मुद्दा २० वर्षीया क्यालिफोर्नियाकी एक युवती (काल्पनिक नाम 'केली') र उनकी आमाले दायर गरेका थिए । उनीहरूले मेटा, युट्युब, टिकटक र स्न्याप इन्कविरुद्ध मुद्दा हालेका थिए । मुद्दामा ती कम्पनीहरूले बाल्यकालदेखि नै उनलाई आकर्षित गर्दै लत लगाएको र त्यसका कारण चिन्ता, शरीरप्रति असन्तुष्टि र आत्महत्या सम्बन्धी सोच विकसित भएको आरोप लगाइएको थियो । सुनुवाइअघि टिकटक र स्न्यापले भने मुद्दा मिलाइसकेको समाचारमा उल्लेख छ ।

मेटा र युट्युबलाई भने जूरीले कुल ३० लाख डलर क्षतिपूर्ति तिर्न आदेश दिएको छ । युट्युबलाई ९ लाख डलर र मेटालाई २१ लाख डलर जरिवाना तिर्न जुरीले आदेश दिएको सीएनएनको समाचारमा उल्लेख छ । जूरीले यस घटनामा मेटा ७० प्रतिशत र युट्युब ३० प्रतिशत जिम्मेवार रहेको ठहर गरेको छ ।

सात हप्तासम्म चलेको सुनुवाइपछि जूरीले आठ दिनभन्दा बढी छलफल गरेर निर्णय सुनाएको हो । अदालतमा केलीले सामाजिक सञ्जालको लतले अहिले पनि आफ्नो दैनिक जीवन प्रभावित गरिरहेको, कामको समयमा समेत लुकेर फोन चलाउन बाध्य हुने गरेको र फिल्टर प्रयोग गरेर आफ्नो स्वरूप परिवर्तन गर्न घण्टौं बिताउने गरेको बयान दिएकी थिइन् ।

**पुनरावेदनमा जाने तयारी**


यस आदेशमा मेटा र युट्युब कम्पनीहरूले असहमति जनाउँदै पुनरावेदन गर्ने बताएका छन् । मेटाले किशोर मानसिक स्वास्थ्य जटिल विषय भएको र यसलाई एउटै एपसँग जोड्न नसकिने दाबी गरेको छ । युट्युबले भने आफू जिम्मेवार तरिकाले निर्माण गरिएको प्लेटफर्म भएको जनाएको छ ।

सीएनएनका अनुसार यो मुद्दा सामाजिक सञ्जाल कम्पनीविरुद्ध दायर भएका करिब १ हजार ५०० मध्ये पहिलोपटक पूर्ण सुनुवाइमा गएको हो । यसले आगामी अन्य मुद्दाहरूको नतिजामा मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ । लगातार यस्ता मुद्दामा हार बेहोरेमा यी कम्पनीहरूले अर्बौं डलर क्षतिपूर्ति तिर्नुपर्ने र आफ्नो प्लेटफर्ममा ठूला सुधार गर्नुपर्ने अवस्था आउन सक्छ ।

यसअघि न्यु मेक्सिकोमा पनि अर्को जूरीले मेटालाई बालबालिकालाई यौन अपराधीबाट जोगाउन असफल भएको भन्दै दोषी ठहर गरेको थियो ।

विशेषज्ञहरूका अनुसार यो निर्णय सामाजिक सञ्जालको इतिहासमा 'टर्निङ प्वाइन्ट' बन्न सक्छ । अभिभावक र अधिकारकर्मीहरूले लामो समयदेखि बालबालिकाको सुरक्षाका लागि कडा नियम आवश्यक रहेको बताउँदै आएका छन् । अब यो निर्णयपछि अमेरिकी संसदमा बालबालिका सुरक्षासम्बन्धी कानुन बन्ने दबाब बढ्ने अपेक्षा गरिएको छ ।

# वैज्ञानिक सफलता: अब जीपीएसबिनै सम्भव हुनेछ नेभिगेसन



वैज्ञानिकहरूले प्रकाशको साटो ध्वनिको कम्पनबाट चल्ने अत्यन्तै सटिक 'फोनोन लेजर'को विकास गरेर नयाँ इतिहास रचेका छन् । युनिभर्सिटी अफ रोचेस्टर र रोचेस्टर इन्स्टिच्युट अफ टेक्नोलोजीका अनुसन्धानकर्ताहरूले विकास गरेको यो प्रविधिले क्वान्टम भौतिकशास्त्र, गुरुत्वाकर्षणको अध्ययन र भविष्यको 'क्वान्टम कम्पास' निर्माणमा क्रान्ति ल्याउने सम्भावना बढाएको छ ।

'नेचर कम्युनिकेसन' जर्नलमा प्रकाशित शोधका अनुसार, प्रोफेसर निक भामिभाकास र उनको टोली फोनोन अर्थात् ध्वनिका व्यक्तिगत कणहरूलाई लेजरको रूपमा नियन्त्रण गर्न सफल भएको छ । सन् १९६० को दशकमा आविष्कार भएको साधारण लेजरले फोटोन (प्रकाशका कण) नियन्त्रण गर्छ भने यो नयाँ लेजरले पदार्थको मेकानिकल चाल वा कम्पनलाई नियन्त्रण गर्दछ । यसअघि यस्तो लेजरमा 'नोइज'का कारण सटिक मापन गर्न कठिन हुने गर्थ्यो ।

तर, वैज्ञानिकहरू प्रकाशको प्रयोग गरी ती कम्पनहरूलाई खुम्च्याएर थर्मल नोइजलाई निकै कम गर्न सफल भएका छन् ।

यो सफलताले गर्दा अब गुरुत्वाकर्षण र प्रवेगलाई हालसम्मकै सबैभन्दा सटिक रूपमा मापन गर्न सकिने भएको छ । यसको सबैभन्दा ठूलो प्रयोग 'स्याटेलाइट'बिना चल्ने नेभिगेसन प्रणालीमा हुनेछ, जसलाई कसैले पनि अवरोध गर्न सक्ने छैन ।

**स्वास्थ्य**

# गर्भावस्थामा किन बढ्छ एसिडिटी ?



गर्भावस्थामा महिलाहरूले धेरै प्रकारका चुनौतीहरूको सामना गर्नुपर्ने हुन्छ । यस अवधिमा पेटमा धेरै एसिड बन्ने अर्थात् हाइपरएसिडिटीको समस्या पनि निकै सामान्य हो । अधिकांश महिलाहरू गर्भावस्थामा यो समस्याको सिकार हुन्छन् । पेट वा घाँटी पोल्नु, अमिलो डकार आउनु, मुखमा लामो समयसम्म अमिलो स्वाद रहिरहनु, वाकवाकी लाग्नु वा बान्ता होला जस्तो हुनु गर्भावस्थामा आम कुरा हो ।

धेरै पटक यस्तो लाग्छ मानौँ छातीको जलन माथितिर घाँटीसम्मै आइरहेको छ । कतिपय अवस्थामा महिलाहरू यसबाट निकै हैरान हुन्छन् र छुटकारा पाउने उपायहरू खोज्छन् । स्वास्थ्य विशेषज्ञहरूका अनुसार, गर्भावस्थामा शरीरमा धेरै हर्मोनल परिवर्तनहरू हुन्छन्, जसले गर्दा पाचन प्रक्रिया सुस्त हुन्छ र पेटको एसिड माथितिर आउन थाल्छ । जसैजसै गर्भ बढ्दै जान्छ, पेटमा दबाब पनि बढ्छ, जसका कारण यो समस्या झन् बढी महसुस हुन सक्छ ।

यदि कुनै महिलालाई पहिलेदेखि नै एसिडिटीको समस्या थियो भने, गर्भावस्थामा यो झन् बढ्न सक्छ । समस्या धेरै बढेमा यस विषयमा डाक्टरसँग सल्लाह लिनुपर्छ । कहिलेकाहीँ यसबाट बच्न औषधि नै खानुपर्ने अवस्था पनि आउन सक्छ । यद्यपि, केही सावधानी अपनाउने र घरेलु उपायहरू लागू गर्ने हो भने गर्भावस्थामा हुने एसिडिटीको समस्याबाट छुटकारा पाउन सकिन्छ । गर्भावस्थामा एसिडिटीबाट बच्न आफ्नो दिनचर्या र खानपानमा ध्यान दिनु जरुरी छ । समयमै खाना खाने र लामो समयसम्म भोको नबस्ने प्रयास गर्नुहोस्, किनकि खाली पेट बस्दा एसिडिटी झन् बढ्छ ।

हल्का र सजिलै पच्ने खाना जस्तै: दलिया, खिचडी, उसिनेका तरकारी आदि खानु बेस हुन्छ । शीतलता प्रदान गर्ने कुराहरू जस्तै: नरिवल पानी, मोही र सादा खानाले निकै राहत दिन्छन् । दिनभर पर्याप्त मात्रामा पानी पिउनु पनि उत्तिकै आवश्यक छ । यसले पाचन प्रणालीलाई स्वस्थ राख्छ र एसिडिटी कम गर्छ । यसका साथै, राम्रो निद्रा लिनु पनि धेरै महत्त्वपूर्ण छ, किनकि निद्रा पूरा नहुँदा पनि शरीरको पाचन प्रक्रिया प्रभावित हुन्छ ।

एसिडिटीबाट छुटकारा पाउन केही गलत बानीहरू सुधार्नु जरुरी छ । खाना खानेबित्तिकै पल्टिने वा सुत्ने बानी त्याग्नुहोस्, किनकि यसो गर्दा एसिड माथितिर आउन थाल्छ । खाना खाएपछि एकछिन हिँडडुल गर्नु फाइदाजनक हुन्छ । सुत्दा देब्रे कोल्टे फर्केर सुत्नु राम्रो मानिन्छ, किनकि यसले पाचनमा मद्दत गर्छ र एसिडिटी कम गराउँछ ।

अत्यधिक चिल्लो, मसलादार, अमिलो, नुनिलो र प्याकेटका वा प्रिजर्ब्ड खानेकुराबाट टाढै रहनुहोस्, किनभने यस्ता कुराले एसिडिटी बढाउन सक्छन् । केही सजिला घरेलु उपायहरूले पनि यो समस्याबाट राहत दिन सक्छन् । ल्वाङ, अमला र थोरै चिनी मिसाएर रातभरि पानीमा भिजाउनुहोस् र बिहान छानेर अलिअलि गर्दै पिउनुहोस्, यसले पेट पोल्ने समस्यामा आराम दिन्छ । यसैगरी ज्वानो वा सौँफको धुलोलाई चिनीसँग पानीमा मिसाएर पिउँदा पनि फाइदा हुन्छ ।

यद्यपि, यदि लक्षणहरू धेरै बढेमा वा केही गम्भीर संकेतहरू देखिएमा जस्तै: पेटको माथिल्लो भागमा अत्यधिक दुख्नु, भोक लाग्दा झन् बढी दुख्नु, रगतको बान्ता हुनु वा कालो रङको दिसा हुनु- यस्तो अवस्थालाई सामान्य रूपमा नलिनुहोस् । यस्तो अवस्थामा तुरुन्त डाक्टरलाई सम्पर्क गर्नु जरुरी छ, किनकि यो कुनै गम्भीर समस्याको संकेत हुन सक्छ ।

# साहित्य

आधुनिक कथा

# अनायक नागरिक

✍ प्रदीप नेपाल

कथा कसैका लागि ?

साता दिनदेखि म भौँतारिएको छु कथाको विषयवस्तु नभेट्टाएर । कथा खोज्न म एकदिन बूढानीलकण्ठमाथि जंगलमा पुगेँ । केको देओस् जंगलले कथाको विषय । एकदिन चन्द्रागिरिको ढिस्कोमा गएर आकाशका बादलहरू पनि नियालेँ दिउँसोभर । अहँ, कथाको कुनै विषय नै भेटिनँ । दिक्दार भएर फर्किएँ कोठामा । कोठामा कहाँको कथाको प्लट भेट्टिइयोस् !

बैरागियो मन ।

साँझ खसिसकेको थियो । ट्यारररर्र फोनको घन्टी बज्यो ।

मन मरेको बेला फोनको घन्टी पनि झर्कोलाग्दो हुन्छ ।

तर, फोन उठाउनैपर्छ । फोन राख्नु भनेकै घन्टी सुन्नु र जवाफ फर्काउनु हो ।

मैले 'हेलो' भन्न खोजेको मात्रै थिएँ, उताबाटै पहिलो स्वर आयो, "भ्राताश्री, प्रणाम !"

प्रकाश पुरीको फोन रहेछ । मन तरंगियो । ठ्याक्कै तीन वर्ष भयो प्रकाशसँग मेरो दाइभाइको नातो गाँसिएको ।

प्रकाश पुरी को हो ?

"जे भए पनि यो हाम्रो मान्छे होइन । कतै टाढाको बासिन्दा हो," मेरी बहिनीको प्रतिक्रिया थियो ।

"यो कम्निस्ट हो," एउटा टिप्पणी सुनेँ मैले ।

"यो कांग्रेस हो," अर्को टिप्पणी सुनेँ मैले ।

मानिसहरू आफ्नो कित्ता अनुसारको कुरा गर्थे । यद्यपि, प्रत्येक नागरकि मतदाता, कालावधिका लागि कम्निस्ट या कांग्रेस हुन्छ नै । तर, नागरकि स्थायी रूपमा कुनै पार्टीमा बसिरहँदैन । नागरकिलाई न कार्ल मार्क्सको चासो हुन्छ, न त उसले अब्राहम लिंकनलाई नै कुनै महत्त्व दिनुपर्छ । नागरकिका लागि लेनिन, चर्चिल या माओत्सेतुंगो पनि कुनै अर्थ हुँदैन । नागरकि आफ्नो घर जान्दछ, आफ्नो परिवार जान्दछ । राज्यले केही दियो भने त्यसले आफू बसेको राज्य जान्दछ । दिएन भने त्यसलाई राज्य पनि चाहिँदो रहेनछ ।

मैले एकदिन सोधेको थिएँ प्रकाशलाई, "भाइ, तिमी राजनीतिको कुन कित्तामा छौ ?"

"भ्राताश्री, राजनीति आत्मीयताको दुस्मन हो । त्यसैले म राजनीति समाप्तिपछिको कित्तामा छु । किनभने, राजनीति सकिएपछि नै आत्मीयता आरम्भ हुन्छ ।"

अर्थात् ऊ कुनै राजनीतिसँग जोडिएको थिएन । "वनको चरी वनैमा रमायो," यो उसको थेगो थियो, "म स्वतन्त्र नागरकि । बारबन्देजबिनाको जीवन मन पराउने मान्छे," ऊ भन्ने गर्थ्यो ।

"तिमी कस्तो राज्यप्रणालीको पक्षमा छौ ?"

"मलाई कुनै राज्य चाहिएको छैन । राज्यलाई मैले कर तिरेको छु । तर, राज्यले मलाई केही दिएको छैन र राज्यले मलाई केही दिएर पाल्नुपर्छ भन्ने चाहना पनि मसँग छैन । त्यसैले राज्यलाई म चाहिन्छु तर मलाई राज्य नभए पनि हुन्छ ।"

"राज्यले तिमीलाई रोजगार दिएको छ, बस्ने माटो दिएको छ, खाने अन्न दिएको छ," मैले च्याप्न खोजेको थिएँ ।

"त्यो त भ्राताश्री, तपाईंको दिमाग र हातलाई पनि राज्यले रोजगार दिएकै छ," एकछिन अड्कियो प्रकाश, "राज्यले दिनु भनेको राजकोषबाट दिनु हो । म तपाईंजस्तै हुँ । आफैँ गर्छु, आफैँ खान्छु । कमाइको एउटा हिस्सा राज्यलाई बुझाउँछु । तपाईंले भनेको माटो मेरा लाहुरे पिताले कमाएको पैसाले किनिएको हो । नेपाल भन्ने मुलुकको एक पैसा यहाँ खर्च भएको छैन । उल्टै मेरा पिताले बाहिरबाट कमाएर ल्याएको पैसा पासखर्चका नाउँमा बिनसित्तीमा राज्यलाई बुझाउनुपरेको छ । मैले दिएको पैसाको दुरूपयोग गर्नेबाहेक अहिलेसम्म राज्यले मसँग सम्बन्धित अर्को कुनै काम गरेको छैन । त्यसैले राज्य प्रणालीको आवश्यकता म मेरा लागि देख्तिनँ ।"

मेरा लागि यो ठूलो धक्का थियो । धेरैबेर म बोल्नै सकिनँ । राज्य नरहे नागरकि हुँदैन भन्ने लाग्थ्यो मलाई । तर, प्रकाशले मलाई तर्साइदियो- नागरकिलाई राज्यको अर्थ नहुन पनि सक्छ तर राज्यलाई नागरकि नभई हुँदैन भनेर ।

मैले थाहै नपाई सायद मेरो अनुहारमा गोधूलि छिऱ्यो होला । मेरो अनुहारमा नियालेर हेरेपछि उसले भन्यो, "भ्राताश्री, उसै पनि म संन्यासी सम्प्रदायको परेँ ।"

अन्तिम वाक्य बोलेपछि ऊ बेस्सरी हाँस्यो । प्रकाश पुरीको यो हाँसो खुसीको त थिएन, सायद चर्को पीडालाई ऊ आफ्ना मिलेका दाँत र गीत गाउने घाँटीको आवाजले छोप्न चाहन्थ्यो ।

तपाईंलाई भनिहालौँ, प्रकाश मीठो स्वरमा गीत गाउँछ । उसको प्रिय गीत रहेछ, गोपाल योञ्जनको 'बिरानो देशको माटोभरि छ नेपाली नाम लेखेको... ।'

"मेरी माताका दुवै पतिहरूले नेपालको माटोबाट केही पाएनन्," उसले मलाई भनेको थियो, "उनीहरू कुनै देशको माटोमुनि अहिले पनि सुतिरहेकै छन् कि ! अथवा पर देशको दाउराले उनीहरूको बलियो शरीरलाई खरानी पो बनायो कि ! त्यसैले भ्राताश्री मलाई यो गीत, मेरै लागि लेखिएको हो जस्तो लाग्छ ।"

दु:खद कथा थियो प्रकाशको अघिल्लो पुस्ताको । सन्नाटाको साँझमा सँगै बसेको बेला उसले मलाई भनेको थियो, "सात सन्तान पृथ्वीमा अवतरण गराएर मेरी जननीका पहिला पति अर्थात् मेरा ठूला बा आधा शताब्दीभन्दा पहिले नै माताजीसँग बिदा भएर हराउनुभयो । मेरा पिता जन्मैदेखि यायावर ! दोस्रो विश्वयुद्धको सिपाही । आइपुग्नुभयो माताजीका घरमा । विधवा कल्याणमा खप्पीस । माताजी र पिताजीको मन मिल्यो, मातामहको आशीर्वाद मिल्यो । त्यसैले मैले यो धर्तीमा पाइलो टेक्ने मौका पाएँ ।"

प्रकाश पुरीको तिक्तताका पछिल्तिर केही ठोस कारणहरू थिए । उसको जिन्दगीलाई राज्यले कुनै कुनाबाट पनि नियालेर हेरेन । समाजले पनि त्यसलाई लामो समयसम्म तिरस्कारकै आँखाले ठेसिरह्यो ।

"जिन्दगीलाई अपमान, तिरस्कार र गरबीमा भोगेको छु मैले भ्राताश्री," बिरसिलो स्वरमा प्रकाशले मलाई सुनाएको थियो । "हाइस्कुलमा पढ्दा म गाउँका नानीहरूलाई ट्युसन पढाउँथेँ । ट्युसनबाट प्राप्त भएको पैसाले म आफ्नो किताब, कापी र फिसको जोहो गर्थें । मान्छेहरू मेरी आमाको बद्ख्वाइँ गर्थे । सन्नेसीसँग पोइल गएकी भन्थे । तर, मेरा लागि मेरी आमा महान् छिन् । तिनैका कारण मैले यो भूतलमा पाइलो चाल्न पाएँ । आज म धेरै विद्यार्थीको गुरु भएको छु । कवि मित्रहरू मेरा गीत मन पराएर गुनगुनाउँछन् । भ्राताश्रीजस्ता अग्रजको सान्निध्य पाएको छु । मेरी माताले पुन:विवाहको साहस नगरेको भए, मैले यस्तो सौभाग्य कहाँ पाउथेँ !"

साँझको बेला थियो त्यो । हामीहरू मेरो बैठक कोठामा बसेका थियौँ । टहटह जून लाग्ने शुक्लपक्षको समय थियो । आकाश कञ्चन थियो र वातावरण शान्त थियो । प्रकाश दु:खी थियो कि खुसी ? म उत्तरहीन थिएँ ।

"भ्राताश्री, म सर्वाङ्ग खुल्न चाहने मान्छे हुँ, त्यसैले मलाई राजनीति मन नपरेको होला," एकदिन प्रकाशले भनेको थियो, "मलाई मत खसाल्न पनि साह्रै जाँगर लाग्दैन । नेताहरू भाषण ठूला गर्छन्, काम सिन्को भाँच्दैनन् । सडकमा माग्नेहरू हात फैलाएर बसेका छन् । काला गाडीमा नेताहरू सडकमा चिप्लिएका छन् । मुलुकको एउटा ठूलो भूभाग भोकमरीको महामारीमा मररिहेको हुन्छ, सहरका ठूला होटेलहरूमा दिनहुँ हजारौँ रुपियाँको खाद्यान्न खेर फालिन्छ । ठूला-बडाका सन्तानका लागि विशिष्ठ अंग्रेजी विद्यालयहरू खोलिएका छन् । हामीजस्ताहरू चुहुने छानामुनि पढ्न बाध्य हुन्छौँ । हुरी आउँदा पनि हाम्रो पढाइ रोकिन्छ, पानी पर्न थालेपछि त कापी-किताब जोगाउनै मुस्किल हुन्छ । राजनीतिले यति असभ्य हुन सुहाउँछ र भ्राताश्री ?"

त्यतिबेला प्रकाश पुरीको प्रश्नको उत्तर मसँग थिएन ।

अहिले सायद कुनै प्रश्न सोध्नै लागेको होला प्रकाशले ।

"भाइ, आरामै ?" मैले फोनमा उसले कुनै प्रश्न राख्न नभ्याओस् भनेर हतारहतार आफैँलाई प्रश्न बनाएँ ।

"आरामै, भ्राताश्री, सम्पूर्णतामा आराम !" अनौठो लाग्यो मलाई । प्रकाशको स्वरमा यतिबेला कुनै गुनासो थिएन ।

"आज जिज्ञासाहीन साँझ हो र ?" मेरो हाँसो प्रकाशको कानैमा ठोक्कियो ।

"भ्राताश्रीलाई एउटा जानकारी दिऊँ भनेर हो," प्रकाशले रसिलै स्वरमा भन्यो, "जीवनसँग विरक्तिए पनि बाँच्नु परहिाल्छ । कति विरक्तिने ? त्यसैले भ्राताश्रीलाई आज रमाइलो खबर सुनाउन आँटेको ।"

"भन न !" प्रकाशको यो रूप अनपेक्षित त थिएन मेरा लागि, तैपनि उत्सुकता थुप्रै थियो मभित्र ।

"हिजो एक जना वाईसीएल भाइसँग मीठै बहस भयो । जति सम्झाए पनि 'हस्' चाहिँ भन्ने तर आफ्नो सुगारटाइ पटक्कै नछाड्ने । १९ वर्षको किशोर, जिद्दी पटक्कै नछोड्ने । पाँचपटकसम्म उनको सुगाको 'गोपीकृष्ण कहो' सुनिसकेपछि मैले भनेँ, "बाबु, आज होइन, केही वर्षपछि बाबुको तेस्रो नेत्र उघ्रिनेछ र तिमीले मेरो कुरा बुझ्नेछौ । अहिले म बाबुलाई कन्भिन्स गर्न सक्दिनँ । तर, म भन्छु, हामी सबै दास हौँ । दासयुगको अन्त्य अझै भएको छैन । दासता सबै हिसाबले खराब हुन्छ । अझ आस्थाको दास त झनै खतरनाक हुन्छ । आस्थाको दास भनेको आस्थाको मर्म नबुझ्नु र कसैको लहडमा आस्थाको विज्ञापन गर्नु हो । हामी नागरकिलाई राजनीति होइन, विवेक चाहिएको छ । मृत्युको सन्देश बोकेर विवेकको राजनीति गर्न सकिँदैन । सन्त्रास बोकेको हावाले मान्छेको मन फुराउन सक्दैन । १० वर्षपछि मलाई भेट । त्यतिबेला तिमी झुसिलकीराबाट पुतली भइसक्नेछौ । एउटा सुन्दर पुतली । आकाशको नीलाम्यतामा सुन्दरता थप्ने पुतली । अहिले तिमी रत्नाकर छौ, भोलि तिमी वाल्मीकि बन्नेछौ... ।"

प्रकाश बोलिरह्यो । मैले बीचमा अँ अँ गर्नेबाहेक अर्को कुनै शब्द निकालिनँ ।

"भ्राताश्री, किन केही बोल्नुहुन्न ?" टक्क अड्किएर प्रकाशले सोध्यो ।

"तिम्रो धाराप्रवाह शिक्षामा भाँजो हाल्न मन लागेन," मेरो स्वरको खुसी प्रकाशले पनि थाहा पाओस् भन्ने भाकामा मैले जवाफ फर्काएँ ।

"मैले यस्तो भाषण गरेर ती भाइप्रति न्याय गरेँ कि गरनिँ ?"

"न्याय त गऱ्यौ तर त्यो बालुवामा हालेको पानीसरह सोसिएर जानेछ ।"

"किन ?"

"रातभरि रामायण पढायो, सीता कसकी जोई ? भन्ने उखान त सुनेकै छौ नि !"

फोनमा मीठो हाँसो हाँस्यो प्रकाश पुरीले । मलाई रमाइलो लाग्यो ।



मन्सिका बर्तौला
कक्षा: ९
नवोदय शिशु सदन

कथा

# हजुरआमाको कथा

गाउँमा चिसो हवा सरररर चलिरहेको थियो । खोलाको छेउमा रहेको गाउँ सबै जना आफ्नै काममा व्यस्त थिए । कोही खेतमा काम गर्दै थिए, कोही गफ गर्दै थिए । गाउँका सबैजना हाँसी खुसी मिलेर बस्थे । त्यहाँ एउटा सोनी नाम रहेको केटी थिइन् । सोनी आफ्नो हजुरआमा, आमा बुवासँग बस्थी ।

सोनी एउटी राम्री बच्चा थिई । सोनीले आफ्नो सबै कामहरू पूरा गर्थी । सोनीले सबैभन्दा माया आफ्नो हजुरआमालाई गर्थी । हजुरआमाले सोनीलाई एकदम माया गर्नुहुन्थ्यो । सोनी हजुरआमाको प्यारी नातीनी थिई । सोनी चकचके पनि थिई । सोनी स्कूलबाट 'हजुरआमा म आएँ' भन्दै कुद्दै आउथी । हजुरआमाले 'नानी लुगा फेरेर हात मुख धोएर खाना खान बस' भन्नुभयो । सोनी लुगा फेरेर हात मुख धोएर खाजा खाएर सोनी साथीहरूसँग खेल्न र गाउँ डुल्न गइन् । हजुरआमा सोनीको लागि कपडा बुन्न बस्नुभयो । सोनी खेल खेलेर साथीहरूसँग घुमेर घर आउँथिन् । सोनी घर आएर गृहकार्य गर्न बस्थिन् । त्यतिबेरसम्म हजुरआमाले सोनीलाई खाना दिनुहुन्थ्यो । सोनी गृहकार्यहरू सबै पूरा गरी खाना खान बसी । हजुरआमा आमा र बुवा पनि खान बस्थे । सोनी हजुरआमासँग सुत्न गइन् र भनिन् 'हजुरआमा मलाई कथा सुनाउनु न !' हजुरआमाले भन्नुभयो, 'आज म तिमीलाई मेरो बाल्यकालको दु:ख कष्ट सुनाउने छु । ' सोनीले मुस्कुराउँदै भनिन् 'हुन्छ हजुरआमा ।' हजुरआमा भन्नुभयो, 'जब म सानी थिएँ हामीले धेरै दु:ख भोगेर आएका हौँ । जस्तो जे थियो त्यसैमा चित्त बुझाई बस्नुपर्थ्यो । आफ्नो सबै इच्छा मनलाई मार्न पऱ्यो किनभने त्यतिबेला धेरै कुराको व्यवस्था थिएन । सानैदेखि घरको काम खेतको काम गर्दै हुर्केको थियौँ । अहिले जस्तो पहिला सुविधा थिएन । पहिला आफूले भने जस्तो खान लगाउन पाउँदैन थियो । सानैदेखि दु:ख कष्ट भोगेर आएको हो । पहिले त हामीले पढ्न नपाएर दु:ख पाएका थियौँ। त्यसैले तिमीले सानैदेखि बुबा आमाको दु:ख कष्ट बुझ्नुपर्छ । अहिले पढेर पछि तिमीले दु:ख पाउँदैनौँ । सोनीले भनिन् 'हुन्छ हजुरआमा । म बुझ्छु म पनि मिहेनत गर्छु ।' यति भन्दै सोनी निदाइन् । हजुरआमा मुस्कुराउँदै सुत्नुभयो । हामीसँग जे छ त्यसमै खुसी हुन सिक्नुपर्छ । आमाबुवाको दु:ख कष्ट बुझी हामीले पनि मिहिनेत गर्न सिक्नुपर्छ ।

# सफलताको शुभकामना

निजी क्षेत्रको अग्रणी छाता संस्था
**मकवानपुर उद्योग वाणिज्य संघ**को
आज मिति २०८२ चैत २१ गते हुन गइरहेको
गरिमामय **५९ औं वार्षिक साधारणसभा**
पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

| | |
|---|---|
| हिरालाल श्रेष्ठ | सरोज खनाल |
| (अध्यक्ष) | (महासचिव) |

एवम्

**नारायणी यातायात व्यवसायी संघ, परिवार**

हेटौंडा, मकवानपुर

# सबै उम्मेदवारले बुझाए निर्वाचन खर्च विवरण

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा मकवानपुर जिल्लाका दुवै निर्वाचन क्षेत्रबाट उम्मेदवार बनेका ४४ जनाले तोकिएकै समयमा निर्वाचनखर्च विवरण बुझाएका छन् ।

प्रदेश निर्वाचन कार्यालय हेटौंडाकाअनुसार प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ अन्तर्गत दल तथा स्वतन्त्र उम्मेदवारले खर्च विवरण समयमै पेश गरेका हुन् । प्रदेश निर्वाचन अधिकारी हरिप्रसाद ढकालका अनुसार निर्वाचन परिणाम घोषणा भएको एक महिनाभित्र सबै उम्मेदवारले खर्च विवरण बुझाउनुपर्ने कानुनी प्रावधान छ । सोही प्रावधानअनुसार मकवानपुरका सबै उम्मेदवारले तोकिएको समयभित्रै विवरण बुझाएका हुन् । अघिल्ला निर्वाचनमा खर्च विवरण समयमै नबुझाउने उम्मेदवारलाई जरिवाना गर्नुपर्ने अवस्था आएको भएपनि यसपटक भने सबै उम्मेदवारले जिम्मेवारीपूर्वक विवरण बुझाएका छन् ।

प्रदेश निर्वाचन कार्यालयमा बुझाइएको विवरण अनुसार जिल्लाका दुवै निर्वाचन क्षेत्रमा कुल २ करोड ७ लाख ५६ हजार ३२२ रुपैयाँ खर्च भएको छ । निर्वाचन क्षेत्र नं. १ मा १ करोड १२ लाख २८ हजार २३३ रुपैयाँ र निर्वाचन क्षेत्र नं. २ मा ९५ लाख २८ हजार ८८ रुपैयाँ खर्च भएको उल्लेख छ । मकवानपुरमा कुल ४४ जना उम्मेदवारमध्ये निर्वाचन क्षेत्र नं. १ मा दलका १३ र स्वतन्त्र १० गरी २३ जना तथा निर्वाचन क्षेत्र नं. २ मा दलका १६ र स्वतन्त्र पाँच गरी २१ जना उम्मेदवार रहेका थिए । निर्वाचन क्षेत्र नं. १ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका प्रकाश गौतम र निर्वाचन क्षेत्र नं. २ बाट प्रशान्त उप्रेती विजयी भएका थिए । गौतमले १० लाख ८६ हजार ८५५ रुपैयाँ र उप्रेतीले २७ लाख ९८ हजार ८११ रुपैयाँ खर्च भएको विवरण पेश गरेको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ ।

# गढीमा 'केराको थामबाट कागज' बनाउने तालिम



साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/ मकवानपुरगढी गाउँपालिकाले स्थानीय युवालाई स्वरोजगार बनाउने उद्देश्यले 'बनाना ह्याण्डमेड पेपर मेकर' (केराको थामबाट नेपाली हाते कागज बनाउने) ६५ दिने तालिम सञ्चालन गर्ने भएको छ ।

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गतको प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्को वार्षिक कार्यक्रमअनुसार यो तालिम सञ्चालन हुन लागेको हो । गाउँपालिकाले बिहीबार सूचना जारी गर्दै तालिममा सहभागी हुन इच्छुक १८ वर्ष पूरा भएका युवाबाट ७ दिनभित्र आवेदन माग गरेको छ । कुल ३९० घण्टा (६५ दिन) सञ्चालन हुने तालिमका लागि चैत १३ गतेदेखि चैत १९ गतेसम्म कार्यालय समयभित्र आवेदन दिनसकिने प्रमुख प्रशासकीय अधिकृत ई. सुधन लामिछानेले जानकारी दिए ।

तालिममा सहभागी हुन मकवानपुरगढी गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ । आवेदक कम्तिमा सामान्य लेखपढ गर्न सक्ने हुनुपर्ने र तालिम अवधिभर पूर्णसमय सहभागी हुने प्रतिबद्धता जनाउनुपर्ने सूचनामा उल्लेख छ । निवेदनका साथमा सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र, नेपाली नागरिकताको प्रतिलिपि, विवाहित वा बसाइँसराई गरी आएको हकमा सोको प्रमाणपत्रको प्रतिलिपि र तालिममा पूर्णसमय बस्ने प्रतिबद्धतापत्र बुझाउनु पर्नेछ । गाउँपालिकाको सूचनाअनुसार आवेदन दिनेको संख्या धेरै भएमा अन्तर्वार्ताको माध्यमबाट सहभागी छनोट गरिनेछ ।

तालिमपश्चात् प्राप्त सीपलाई व्यावसायिकरुपमा सदुपयोग गर्ने सोच भएका र क्षमतावान् युवालाई विशेष प्राथमिकता दिइने पालिकाले जनाएको छ । स्थानीयस्तरमा खेरगइरहेको केराको थामलाई कच्चापदार्थको रुपमा प्रयोग गरी व्यावसायिक उत्पादनमा जोड्न यो तालिम प्रभावकारी हुने विश्वास पालिकाले लिएको छ । तालिम सञ्चालनको प्राविधिक व्यवस्थापन प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्ले गर्नेछ ।

# एमालेको निष्कर्ष: संसद्मा बादलले दिएको अभिव्यक्ति त्रुटिपूर्ण

काठमाडौं, २० चैत/ एमालेले संसदीय दलका नेता रामबहादुर थापा 'बादल'ले प्रतिनिधिसभाको पहिलो बैठकमा गरेको सम्बोधन पार्टीको मूल्य मान्यताविपरीत भएको ठहर गर्दै उक्त धारणा सच्याएको छ ।

पार्टी सचिवालयले शुक्रबार बादलको उक्त अभिव्यक्तिबारे करिब ६ घण्टा लामो समीक्षा गरेको थियो । उक्त समीक्षापछि बैठकले एमालेको नेपाली सेना प्रहरी, कर्मचारी, अन्तर्राष्ट्रिय निकायलगायतसँग मित्रवत् सम्बन्ध रहेको भन्दै स्पष्ट पारेको छ ।

महासचिव शंकर पोखरेलले नै बैठकपछि विज्ञप्ति जारी गर्दै बादलको उक्त धारणालाई करेक्सन गरेका छन् । बादलले संसद्मा प्रधानमन्त्रीलाई बधाई दिने शैली पनि व्यंग्यात्मक थियो । त्यस्तै जनताले दिएको मतलाई पनि उनले अपमान गर्ने गरी षड्यन्त्रको कोणबाट बोलेका थिए ।

बादलले भनेका ती सबै कुराहरू एमालेले लोकतान्त्रिक प्रणालीका लागि अपनाएका मुलभूल एजेन्डाको प्रतिकूल रहेको बैठकको ठहर थियो ।

शुक्रबारको बैठक कार्यवाहक अध्यक्षको रूपमा उनले नै अध्यक्षता गरेका थिए । तर, अरु नेताहरूले प्रश्न गरेपछि उनले हिजोको बैठकमा आफूले अलि भावुक पनि भएको भन्दै आफ्ना अभिव्यक्तिको रक्षा पनि गरेका थिए ।

# थाहा नगरमा सहकारी दिवस भव्य

साझाकुरा संवाददाता

थाहानगर, २० चैत/ 'उद्यमशीलता र पारदर्शिता सहकारीको प्रतिबद्धता' भन्ने मूल नाराका साथ थाहा नगरपालिकामा ६९ औँ राष्ट्रिय सहकारी दिवस २०८२ भव्यताका साथ मनाइएको छ ।

नगर प्रमुख विष्णुबहादुर विष्टको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा सहकारीको माध्यमबाट नगरको आर्थिक विकास र पारदर्शितामा जोड दिइयो । कार्यक्रममा शुभकामना मन्तव्य राख्दै प्रमुख प्रशासकीय अधिकृत निरज पौडेलले सहकारीहरूले आफ्नो कार्यशैलीमा पारदर्शिता अपनाउँदै उत्पादनमुखी क्षेत्रमा लगानी गर्नुपर्ने बताउनुभयो ।

त्यस्तै, सुखी भविष्य सहकारी संस्थाका अध्यक्ष सुरेन्द्रमान प्रधान र पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्णबहादुर विष्टले सहकारी अभियानको सफलता र वर्तमान चुनौतीहरूका बारेमा आफ्ना धारणा राख्दै दिवसको शुभकामना व्यक्त गर्नुभएको थियो ।

# महिन्द्रा बोलेरो म्याक्स पिकअप हेटौंडामा सार्वजनिक



साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/ महिन्द्राको पिकअप तथा कमर्सियल युटिलिटि गाडीको नेपालमा आधिकारिक वितरक, अग्नि ग्रुप अन्तर्गत अग्नि इन्करपोरेट प्राइभेट लिमिटेडले नेपालकै पहिलो र एकमात्र २ टन भारक्षमता भएको पिकअप 'महिन्द्रा बोलेरो म्याक्स पिकअप' हेटौंडामा सार्वजनिक गरेको छ ।

हेटौंडा-७ न्युरेनीस्थित महिन्द्रा सोरुममा विशेष सार्वजनिकिकरण समारोहमार्फत नयाँ पिकअप सार्वजनिक गरिएको हो । समारोहमा महिन्द्रा एन्ड महिन्द्रा तथा अग्नि ग्रुपका विशेष प्रतिनिधि, सञ्चार प्रतिनिधि तथा ग्राहकवर्गको उपस्थिति रहेको थियो । क्षेत्रीय बजारमा सार्वजनिक गर्दै नेपालका अन्य मुख्य व्यापारिक सहरमा पनि लगत्तै गाडी सार्वजनिक गरिने योजना रहेको बताइएको छ । भार क्षमता इन्धन इफिसियन्सि, सुरक्षा र समग्र ड्राइभिङ अनुभवमा नयाँ मापदण्ड कायम गर्दै, बोलेरो म्याक्स पिकअपले नेपाली बजारको सब २ कमर्सियल गाडीको सेगमेन्टमा महिन्द्राको नेतृत्वदायी स्थानलाई अझ सुदृढ गर्ने विश्वास लिएको छ ।

नेपालमा ग्राहकको लागि यो पिकअपको दुई हेभी-ड्युटी भेरियन्ट एचडी १.७ एलएक्स र एचडी २.० एक्स एसएक्सआइ उपलब्ध छ । एचडी १.७ एल भेरियन्टको विशेष लन्चिङ मूल्य २९ लाख ९५ हजार रुपैयाँबाट सुरु हुन्छ भने एचडी २.० एक्स एसएक्सआइ को मूल्य ३२ लाख ९५ हजार रुपैयाँबाट सुरु हुन्छ । यी भेरियन्ट सामान्य ढुवानीदेखि इन्टरसिटि ढुवानीका लागि उपयुक्त छन् । नेपालको उबडखाबड र पहाडी सडकमा यात्रा गर्नका लागि यी गाडीहरु साना कमर्सियल गाडीको सेगमेन्टमा उत्कृष्ट रोजाइ रहेका छन् ।

ब्रान्ड प्रतिनिधिका अनुसार, बोलेरो म्याक्सले एक उच्चस्तरको सक्षम, भरपर्दो, सुरक्षित, कार्यकुशल र बहुउपयोगी पिकअपको रुपमा आफ्नो पहिचान स्थापित गरेको छ । यी गुणसहित कम सञ्चालन खर्चका कारण यो पिकअप चालक तथा व्यवसायीकाबीच लोकप्रिय गाडी रहेको छ । युटिलिटिसँगै सुरक्षा र आरामलाई समेत विशेष ध्यान दिएर डिजाइन गरिएको यस गाडीले साना कमर्सियल गाडीको बजारमा नयाँ आयाम थपेको बताइएको छ ।

यो पिकअप नेपालको बढ्दो लजिस्टिक्स आवश्यकताका लागि निकै उपयुक्त पिकअप रहेको र यसले नेपाली बजारमा महिन्द्राको अग्रस्थान कायम राख्ने कम्पनीले जनाएको छ । कम्पनीका बागमती प्रदेशप्रमुख रणबीर कुमार र हेटौंडा शाखाप्रमुख अनन्त अधिकारीले गाडीहरु संयुक्तरुपमा सार्वजनिक गरेको महिन्द्रा कम्पनीका हेटौंडा सोरुमका इचार्ज सुरज हमालले जानकारी दिए ।

# एट ए साइड फुटबल प्रतियोगिता हुने




साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/ खेलकुद विकास समिति मकवानपुर गढी गाउँपालिकाको आयोजनामा सहिद रुद्र पाखिन तथा बासुदेव घिमिरे स्मृति खुला एट ए साइड फुटबल प्रतियोगिता हुने भएको छ ।

शुक्रबार आयोजित पत्रकार सम्मेलनमार्फत आयोजक समितिले प्रतियोगिता चैत २७ गतेदेखि हुने जानकारी गराएको हो । प्रतियोगिता मकवानपुरगढी-२ स्थित कुर्लेदमारचौरमा सञ्चालन हुने जनाइएको छ । आयोजक खेलकुद विकास समितिका अध्यक्ष बाबु स्याङ्तानकाअनुसार प्रतियोगितालाई व्यवस्थित र प्रतिस्पर्धात्मक बनाउने तयारी तीव्ररुपमा भइरहेको छ । उनले प्रतियोगिताले स्थानीयस्तरमा खेलकुदको विकास, युवामा खेलप्रति आकर्षण वृद्धि तथा स्वस्थ्य प्रतिस्पर्धाको वातावरण निर्माण गर्ने विश्वास व्यक्त गरे ।

यसैगरी समितिका सदस्य बिक्रम योन्जनकाअनुसार प्रतियोगितामा प्रथम हुने टोलीलाई १ लाख रुपैयाँ नगद पुरस्कार प्रदान गरिनेछ भने दोस्रो हुने टोलीले ५० हजार रुपैयाँ प्राप्त गर्नेछ । अन्य उत्कृष्ट खेलाडीलाई विभिन्न विधामा शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने छ । खुल्लारुपमा सञ्चालन गरिने प्रतियोगितामा विभिन्न स्थानबाट टोलीले सहभागिता जनाउन सक्नेछन् । प्रतियोगिता सञ्चालनको लागि गढी गाउँपालिकाले ५ लाख रुपैयाँ बजेट बिनियोजन गरेको छ ।

# थाहामा नगरस्तरीय क्रिकेट हुने

हेटौंडा, २० चैत/थाहा नगरपालिकामा पहिलोपटक नगरस्तरीय क्रिकेट प्रतियोगिता आयोजना हुने भएको छ । हिमाली डाँफे युवा क्लब, थाहा-१० को आयोजनामा सञ्चालन हुने प्रतियोगिता चैत २५ गतेदेखि वैशाख १ गतेसम्म हुने जनाइएको छ ।

प्रतियोगितामा सहभागी हुन इच्छुक क्लब तथा खेलाडीलाई समयमै टिम दर्ता गर्न अनुरोध गरिएको छ । सहभागिताका लागि थाहा नगरपालिकाको स्थायी बासिन्दा हुनुपर्ने अनिवार्य व्यवस्था गरिएको छ । टिम दर्ताशुल्क ७,५०० रुपैयाँ तोकिएको छ भने प्रत्येक टिममा १२ देखि १६ जना खेलाडी अनिवार्य रहनेछन् । प्रतियोगिता आईसीसीको नियमअनुसार सञ्चालन गरिनेछ । प्रत्येक खेल जितेमा टिमले २ अंक प्राप्त गर्ने व्यवस्था गरिएको छ भने सहभागी टिमको संख्या अनुसार प्रतियोगिताको ढाँचा निर्धारण गरिने आयोजकले जानकारी दिएको छ । प्रतियोगिताका विजेताले नगद ३१ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले नगद १५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र पाउनेछन् । साथै 'प्लेयर अफ द टुर्नामेन्ट', उत्कृष्ट ब्याट्सम्यान र उत्कृष्ट बलरलाई समेत विशेष पुरस्कार प्रदान गरिनेछ ।

# चाँदनी टोलको १८ औं साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/ हेटौंडा उपमहानगरपालिका-२ मानसचोकस्थित चाँदनी टोल विकास संस्थाको १८औं वार्षिक साधारणसभा शुक्रबार जलेश्वरमा सम्पन्न भएको छ ।

संस्थाकी अध्यक्ष शारदा ढुंगानाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुखअतिथि हेटौंडा-२ का वडाअध्यक्ष विष्णुगोपाल महर्जनले टोलविकास संस्थाको असल अभ्यासले नगरको कार्यसफलता निर्भर गर्ने बताए । वडाअध्यक्ष श्रेष्ठले नगरपालिकाको मेरुदण्डका रुपमा टोलविकास संस्थाले काम गरिरहेको उल्लेख गर्दै संस्थाले अझै सक्रियता बढाउन जरुरी रहेको बताए । टोलविकास संस्थाहरुका सक्रियताले नै नगरपालिकाको कार्यक्रम सफलरुपमा सम्पन्न भएको र नगरवासीको आवश्यकताअनुसार काम गर्न सहज भएको अध्यक्ष श्रेष्ठले बताए ।

कार्यक्रममा अतिथिकारुपमा हेटौंडा उपमहानगरपालिका सामाजिक विकास महाशाखाप्रमुख डा.भीमप्रसाद तिमल्सिना, टोल विकास संस्था नगर समन्वय समिति सचिव चन्द्रावती पनेरु अधिकारी, टोल विकास संस्था वडा समन्वय समिति अध्यक्ष अञ्जु अधिकारी, सिद्धिविनायक, प्रगतिशील, शान्ति टोलविकास संस्थाका प्रतिनिधिले शुभकामना ब्यक्त गरेका थिए । कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष तथा टोल विकास समितिका पूर्वसल्लाहकार भानुभक्त आचार्य, हेटौंडा सन्देशका सम्पादक तथा संस्थाका सल्लाहकार माधव न्यौपानेलगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा संस्थाको वार्षिक प्रगति विवरण तथा आर्थिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । सहभागीले टोल विकास, सरसफाइ, पूर्वाधार विस्तार तथा सामाजिक गतिविधि सुदृढीकरणका विषयमा सुझाव दिएका थिए । कार्यक्रममा मालती पोखरेल उत्कृष्ठ बचतकर्ताका रुपमा र गीतादेबी पौडेल उत्कृष्ठ ऋणीका रुपमा सम्मानित भएका थिए । संस्थाले संस्थाको सदस्य जेष्ठनागरिक भवानी खरेल, एसइइमा बचतसदस्यका छोराछोरीलाई पनि सम्मानीत गरेको थियो ।

## हेटौंडा उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर

## उद्योग/व्यवसाय दर्ता तथा नवीकरण गर्नेसम्बन्धी सूचना

यस उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका वा नयाँ सञ्चालन गर्न चाहने घर जग्गाबाहेक बढिमा पाँच लाख रुपैयासम्मको स्थिर पूँजी भएका उद्यमीहरूले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा यस पालिकाको उद्योग दर्ता, संचालन, व्यवस्थापन र नियमन सम्बन्धी ऐन, २०८२ बमोजिम आफ्नो उद्योग दर्ता तथा नविकरण गराई सञ्चालन गर्नु गराउनुहुन तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा यस पालिकाको आर्थिक ऐनले तोकेको व्यवस्था बमोजिम कुनैपनि व्यवसाय सञ्चालन गर्नुपूर्व पालिकामा दर्ता हुनु अनिवार्य रहेको हुँदा यस उपमहानगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा सञ्चालन गरिरहनुभएका वा नयाँ व्यवसाय सुरु गर्न चाहनु हुने सम्पूर्ण व्यवसायीहरुमा आफ्नो व्यवसाय पालिकामा दर्ता एवम् नवीकरण गराई मात्र संचालन गर्नु गराउनु हुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । दर्ता एवम् नविकरण नगरी सञ्चालन भएका व्यवसायहरू तथा उद्योगहरूलाई प्रचलित कानून बमोजिम जरिवाना तथा कानूनी कारबाही गरिने भएकाले समयमै प्रक्रिया पुरा गर्नुहुन सूचित गरिन्छ ।

## मकवानपुर उद्योग वाणिज्य संघ
हेटौंडा, मकवानपुर

## वार्षिक साधारणसभासम्बन्धी सूचना

श्री सदस्य महानुभावज्यू,

यस मकवानपुर उद्योग वाणिज्य संघको यही मिति २०८२ चैत २१ गते शनिबार पल्पसा सदन, हेटौंडा-२ मा हुने ५९ औं वार्षिक साधारणसभाको सुअवसरमा अनिवार्य सहभागिताको लागि विभिन्न माध्यमबाट पत्राचार गरिसकिएको छ । यदि पत्र प्राप्त नभएको भएपनि यसै सूचनालाई आधार मानी उक्त गरिमामय सभामा उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**५९ औं वार्षिक साधारणसभाका कार्यक्रमहरु:**

***पहिलो सत्र:*** *शुभारम्भ हुने २०८२ चैत २१ गते*

क) रजिष्ट्रेशन: बिहान ८:०० बजेदेखि हुनेछ ।

ख) उद्घाटन समारोह: विहान १०:३० बजेदेखि हुनेछ ।

***दोस्रो सत्र:*** *२०८२ चैत २१ गते* दिनको २:३० बजेदेखि हुनेछ ।

क) महासचिवबाट प्रस्तुत वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

ख) कोषाध्यक्षबाट प्रस्तुत आ.व.२०८१/८२ को आयव्यय तथा वासलात हिसाब सम्बन्धमा ।

ग) विधान संशोधन सम्बन्धमा ।

घ) पल्पसा सदन सम्बन्धमा ।

ङ) लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्बन्धमा ।

च) माइन्युट प्रमाणित गर्न प्रतिनिधि तोक्ने सम्बन्धमा ।

*(नोट: प्रगति प्रतिवेदन र लेखा प्रतिवेदन डिजिटल माध्यम र संघको वेभसाइटमा उपलब्ध हुनेछ ।*

.................

प्रतिमा श्रेष्ठ

महासचिव

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop


*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक, हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:

९८५१०८९६३४ (मुकुन्द कार्की)

९८४४५०५३४९ (श्री लामा)

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना